क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# ‘देश विकासमा युवाको महत्वपूर्ण भूमिका हुन्छ ’



आशिक श्रेष्ठ :अध्यक्ष,रोट्रयाक्ट क्लब अफ भैरहवा

आशिक श्रेष्ठ, हाल रोट्रयाक्ट क्लब अफ भैरहवाको अध्यक्षको जिम्मेवारी सम्हालिरहेका छन् । सामाजिक क्षेत्रमा क्रियाशिल यो क्लबले विशेषत: रुपन्देहीको भैरहवा क्षेत्रलाई आफ्नो कार्यक्षेत्र बनाएर विभिन्न सामाजिक कार्यहरुलाई अगाडि बढाउँदै आइरहेको छ । उनै श्रेष्ठसँग गरिएको कुराकानीको सम्पादित अश :

**तपाई क्लबमा आबद्ध हुनुको उद्देश्य के हो ?**

क्लबमा आबद्ध हुँदाका बेला त खासै केही उद्देश्य राखेको थिइन । क्लबमा आबद्ध भइसकेपछि भने विभिन्न किसिमका व्यक्तित्वहरुसँग चिनजान बढ्दै गयो । धेरै साथीहरु बनाउने मौका पाए । उहाँहरुसँग आत्मीयता बढ्दै जाँदा मलाइ पनि क्लबमा रहेर केही राम्रो काम गर्नुपर्छ भन्ने लाग्यो । क्लबले आयोजना गर्ने हरेक कार्यक्रमहरुमा सहभागी हुँदै गए । जसबाट धेरै कुराहरु पनि सिक्ने अवसर पाए । विभिन्न पदहरुमा बसेर काम गरे । त्यसैको फलस्वरुप हाल म क्लबको अध्यक्ष पदमा रहेर जिम्मेवारी निर्वाह गरिरहेको छु ।

अहिले मेरो मुख्य उद्देश्य भनेको आफ्नो, क्लबका साथीहरुको, व्यक्तित्व विकाससँगै समुदायमा राम्रो छवि बनाएर काम गर्नु रहेको छ ।

**तपाईको कार्यकाल कसरी अगाडि बढिरहेको छ ?**

मेरो कार्यकाल गतिशिल रुपमा नै अगाडि बढिरहेको छ । क्लबको ७ औं कार्यकालको अध्यक्ष हुँदै गर्दा क्लबलाई थप उचाईमा पुर्‍याउन मसँगै क्लबका साथीहरु निन्तर लागिपरेका छौं । क्लबको विधि विधान अनुसार वार्षिक कार्ययोजना बनाएर हामीले विभिन्न कार्यक्रम आयोजना गरेर हामीले क्लबलाई गतिशिल रुपमा अगाडी बढाइरहेका छौं ।

भर्खरै मात्र हामीले रोट्र्याक्ट डिष्ट्रिकको पी.एस. मिट भैरहवामा सम्पन्न गर्‍यौं । रोट्र्याक्ट क्लब अफ भैरहवा क्षेत्रको १२ वर्षे इतिहासमा यो पहिलोपटक भैरहवामा भएको ठूलो कार्यक्रम हो । भैरहवामा यसरी ठूलो कार्यक्रम आयोजना हुनु भनेको हामी सबै भैरहवाबासीको लागि गौरवको कुरा हो ।

योसँगै हाम्रो क्लबले अन्य विभिन्न कार्यक्रमहरु पनि सम्पन्न गरेको छ । विभिन्न पर्वहरुमा, राष्ट्रिय अन्तर्राष्ट्रिय दिवसहरुमा पनि हामीले दिवस अनुसारका कार्यक्रमहरु गरेर मनाएका छौं ।

त्यस्तै अन्य निकायहरुसँगको सहकार्यमा विभिन्न क्षेत्रमा सहयोगका कार्यक्रमहरु सञ्चालन गरेका छौं । क्लबका सदस्यहरुबीच आत्मीयता बढाउनका लागि जन्मदिन महोत्सव, घुमफिरलगायत अन्य कार्यक्रमहरु पनि आयोजना गरी मनाउँदै आएका छौं । त्यस्तै, हाम्रो स्पोन्सर क्लब रोटरी क्लब अफ भैरहवाले आयोजना गरेका हरेक कार्यक्रममा हामी सहभागी भइरहेका छौ ।

**सामाजिक संस्थाको नेतृत्व गर्न कति चुनौति हुँदोरहेछ ?**

सबै क्षेत्रमा चुनौतीहरु हुन्छन् । तर ती चुनौतिहरुलाई अवसरको रुपमा लिएर काम गर्न सके सफल हुन सकिन्छ । त्यस्तै, कुनै पनि संस्थामा एकै किसिमका मानिसहरु हुँदैनन् । सबैको आफ्नै आफ्नै पृष्ठभूमि, सोच, योग्यता, विचार लगायतका कुराहरु रहेका हुन्छन् । ती कुराहरुलाई सम्बोधन हुने गरी निर्णयहरु गर्नुपर्ने हुन्छ । यसरी हेर्दा संस्थाको नेतृत्व जटिल देखिए तापनि त्यस्ता समस्याहरुलाई छलफलको माध्यमबाट समाधान गर्दै जाँदा सहज तरिकाले नै संस्थालाई अगाडी बढाउन सकिन्छ । हामीले पनि त्यस्ता किसिमका समस्याहरुलाई छलफलको माध्यमबाट नै समाधान गर्दै आइरहेका छौं ।

हाम्रो क्लबमा विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने सदस्यहरु हुनुहुन्छ । जस्तै : बीमा, बैंकिङ, व्यापार, आतिथ्य, चिकित्सा, विद्यार्थी लगायतका पृष्ठभूमिका सदस्यहरु भएका कारणले उहाँहरुको विचार, राय लिएर सोहीअनुरुपका कामहरु गर्नका लागि सजिलो महसुस भएको छ । यसबाट सही निर्णय र गुणस्तरीय निर्णय लिन सजिलो पनि हुने गरेको छ ।

**क्लबमा किन आबद्ध हुनुपर्छ जस्तो लाग्छ तपाईलाई ?**

नेपालमा विभिन्न किसिमका क्लब तथा संघ-संस्थाहरु रहेका छन् । तिनीहरुको आ-आफ्नै उद्देश्य रहेको छ । संस्थाको वा क्लबको उद्देश्य अनुसार त्यहाँ आबद्ध सदस्यहरुले काम गर्नुपर्ने हुन्छ । यसरी काम गर्ने क्रममा केही नयाँ कुराहरु सिक्ने अवसर प्राप्त हुन्छ । आफूसँग भएका क्षमताहरु पस्तुत गर्न सकिन्छ । त्यस्तै समुहमा बसेर काम गर्दा सामाजिक तथा व्यक्तिगत रुपमा सहयोगको भावना जागृत हुन्छ । एकले अर्कोलाई सहयोग गर्दै जाँदा भोलीका दिनमा कुनै काम गर्नका लागि पनि सहयोगी हातहरु पाउन सकिन्छ । हामी युवा उमेरका व्यक्तिहरु कुनै न कुनै क्लबहरु वा संस्थाहरुमा आबद्ध हुनैपर्दछ भन्ने मलाइ लाग्छ । किनकी यो उमेर समूह भनेको समाज र देशको आशाको केन्द्र हो । समूहमा आबद्ध हुदै गर्दा धेरैको अनुभव, विचार र रायसुझाव आदानप्रदानबाट धेरै कुराहरु सिक्ने अवसर प्राप्त हुन्छ । सही समयमा युवाहरु सही बाटोमा लाग्यो भने आउने पिढीलाई सहि मार्गदर्शन दिन सक्छ । समूहमा आबद्ध हुँदा व्यक्तिगत रुपमा पनि अन्य धेरै फाइदाहरु छन् ।

**अन्तमा, आम युवा वर्गलाई के सन्देश दिनुहुन्छ ?**

अन्तमा, आफ्नो व्यक्तिगत र समाजको विकास गर्दै देश विकासमा हरेक युवाहरु एकजुट हुनुपर्छ । युवाको नयाँ सोच र जोशले देश विकासमा महत्वपूर्ण योगदान दिन सक्छ भन्ने सन्देश आम युवा वर्गलाई दिन चाहन्छु ।

■■■

# होटल पौवा बुटवलमा हुने सरायँ नाच प्रदर्शनीको तयारी पूरा

**गौतमबुद्ध सन्देश**

बुटवल, १६ कार्तिक ।

लुम्बिनी प्रदेशको पहिचानका रुपमा रहेको सरायँ नृत्यबारे नयाँ पुस्तालाई जानकारी गराउने उद्देश्यले होटल पौवाले शुक्रबार बुटवलमा आयोजना गर्ने सरायँ नाच प्रदर्शनीको तयारी पूरा भएको छ । तिलोत्तमा नगरपालिका-३ मा अवस्थित होटल पौवाले शुक्रबार साँझ ५:३० बजेदेखि सराय प्रदर्शन गरिने ब्राण्डिङ विभाग प्रमुख तथा मार्केटिङ हेड विष्णु भण्डारीले बताए ।

दैवी शक्तिले दानव शक्तिलाई पराजित गरेको खुशीमा परम्परादेखि गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जा लगायतको जिल्लाहरुमा नाचिने सरायँ नाचलाई साँस्कृतिक पहिचान दिन यस वर्षदेखि बुटवल शाखाबाट सरायँ नाचको प्रारम्भ गरिएको उनले बताए । गुल्मीको पल्लीकोटबाट आएका कलाकारहरुको टोलीले सरायँसँगै अन्य साँस्कृतिक नृत्य समेत प्रस्तुत गरिने उनले बताए । सो अवसरमा सेलरोटी, बटुक, चुकौनी लगायतका टिपिकल नेपाली परिकारको स्टलहरु समेत राखिने योगीकुटी शाखाका व्यवस्थापक निशान खरेलले जानकारी दिए । पौवाले विगतमा पनि नेपालमा रहेका हरेक भाषाभाषी र जनजातिले मनाउँदै चाडपर्व, संस्कार संस्कृति विशेषलाई लगातार ब्राण्डिङ गरिरहेको दावी गरे । 'नेपालका लागि नेपाली आतिथ्यता' भन्ने नारासहित होटल पौवाले स्थापनाको ७ वर्षमा लुम्बिनी प्रदेशका प्रायः सबै पर्यटकीय स्थलसहित देशभर १२ स्थानबाट होटल पौवाले सेवा दिइरहेको छ । कर्णाली प्रदेशको जुम्ला, सुदूरपश्चिमको धनगढी, दाङको भालुवाङ, घोराही र लमही, कपिलवस्तुको गोरुसिङ्गे, रुपन्देहीको योगीकुटी र भैरहवाको चिल्ड्रेन पार्क, पाल्पाको तानसेन, गुल्मीको रेसुङ्गा, गण्डकी प्रदेशको राजधानी पोखरा तथा संघीय राजधानी काठमाडौंको गौशालामा पौवाको सेवा सञ्चालनमा रहेका छन् ।

विविध साँस्कृतिक पहिचानले सिंगारिएको नेपालका विभिन्न स्थानमा सञ्चालित होटल पौवाले त्यस्ता पहिचानलाई जोगाइराख्न समेत प्रयास गर्दै आएको होटलका प्रवन्ध निर्देशक विष्णु ज्ञवालीले बताए । पर्यटन प्रवर्द्धनमा देशको कला, संस्कृति, रहनसहन, भेषभुषा, खानपिन लगायतका पक्षको महत्वपूर्ण भूमिका रहेको बताउँदै उनले पर्यटन उद्योगको एक अंश रहेको हस्पिटालिटी क्षेत्रमा उदाइरहेको होटल पौवाले पनि नेपाली संस्कृति र परम्परालाई आत्मासाथ गर्दै हरेक चाडपर्वलाई उत्सवका रुपमा मनाउँदै आइरहेको दावी गरे ।


## Invitation for Bids

### Bhumikasthan Municipality

Contract Identification No.: 02/BMA/W/BT/2080/081

## Belbot Asurkot Jogitari Road Blacktopped Works

Date of publication: 03-11-2023 (2080-07-17)

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the construction of **Belbot Asurkot Jogitari Road Blacktopped Works** under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.
2. **Only eligible bidders with the following key qualifications should participate in this bidding process:**
   a. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs.44972383.24**
   b. Minimum Work experience of similar size and nature: **NRs.26983429.94**
3. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp. and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
4. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of **NRs.5000/-** as bidding document fee in the account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800138
   - Account Name : Internal Revenue.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 04-12-2023 13:00 hours at the office of Bhumikasthan Municipality Arghakhanchi Lumbini Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of **NRs.12,75,000/-** which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the BID Security Amount in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800048
   - Account Name : Dharouti Account.
6. Pre-bid meeting shall be held at Bhumikasthan Municipality Arghakhanchi Lumbini Province, Nepal at 22-11-2023 13:00 hours.
7. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 04-12-2023 12:00 PM. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 04-12-2023 13:00 hours at the office of Bhumikasthan Municipality Arghakhanchi Lumbini Province, Nepal.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनिक**का लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह-सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल